वस्तुगत प्रश्नोत्तर

१. सरकारले राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा कसलाई नियुक्त गऱ्यो ?
डा. विश्व पौडेल (२०७८ साउन १२)

२. सिन्धुलीगढी युद्ध सङ्ग्रहालयको उद्घाटन कहिले गरियो ?
वि.सं. २०७८ साउन १३
- नेपाल-अङ्ग्रेज युद्धमा नेपालीले १८२४ सालमा विजय प्राप्त गरेको ऐतिहासिक सिन्धुलीगढीमा सङ्ग्रहालयको निर्माण गरिएको ।
- सिन्धुलीगढी युद्ध सङ्ग्रहालयको निर्माण ऐतिहासिक सम्पदाहरूको संरक्षणका साथै सिन्धुली जिल्लालाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्नसमेत मद्दत पुग्ने जनाइएको ।
- नेपाली सेनाको नागरिक सहयोग अभियानअन्तर्गत २०७६ साल भदौ महिनादेखि सङ्ग्रहालय बनाउन सुरु गरिएको ।

३. विश्व रेन्जर दिवस कहिले मनाइन्छ ?
जुलाई ३१

४. दक्षिण एसियाकै पहिलो सुरुङमार्ग चुरियामाई सुरुङमार्गको पुनर्निर्माणको शिलान्यास कहिले गरियो ?
वि.सं. २०७८ साउन १४
- सुरुङमार्ग निर्माण भएको १०४ वर्षपछि सम्पदाहरूको संरक्षण र पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले जीर्णोद्धार सुरु गरिएको । मर्मत सम्भारको अभावमा जीर्ण ऐतिहासिक एवं पुरातात्त्विक महत्त्वको सो सुरुङमार्ग वि.सं. १९७४ मा निर्माण भएको थियो ।
- सुरुङमार्गको परिकल्पनाकार ब्रिगेडियर कर्णेल डिल्लीजङ्ग थापाको अगुवाइमा निर्मित सुरुङमार्ग निर्माण सम्पन्न गर्न दुई वर्ष लागेको थियो ।
- मकवानपुर र बारा जिल्लाको सिमानामा अवस्थित चुरे पहाडलाई खोपेर सुरुङमार्ग निर्माण गरिएको छ ।
- वि.सं. २०२०-२१ सम्म यही सुरुङमार्ग भएर जिपलगायतका साना सवारी आवतजावत गर्थे ।
- साढे दुई मिटर चौडा र तीन मिटर उचाइको सो सुरुङमार्गको लम्बाइ ५०० मिटर छ ।

५. 'टापु महादेश' तथा 'कङ्गारूको महादेश' भनी चिनिने महादेश कुन हो ?
अस्ट्रेलिया

६. युरोप महादेशको सबैभन्दा लामो पर्वत शृङ्खला कुन हो ?
आल्पस पर्वत

७. ओजोन तह संरक्षणसम्बन्धी पहिलो अन्तर्राष्ट्रिय सम्मेलन कहिले र कहाँ आयोजना गरियो ?
सन् १९८७, क्यानडाको मन्ट्रियल

८. काठमाडौँ उपत्यकामा सवारी प्रदूषण जाँच गर्न कहिलेदेखि थालिएको हो ?
वि.सं. २०५१ वैशाख १

९. साइटिस (CITES)को पूरा रूप के हो ?
Convention on International trade in Endangered Species of world Fauna and Flora (कन्भेन्सन अन इन्टरनेसनल ट्रेड इन इन्डेन्जर्ड स्पेसिज अफ वर्ल्ड फौना एन्ड फ्लोरा)
- दुलर्भ एवं सङ्कटग्रस्त वन्यजन्तु तथा वनस्पतिको संरक्षण गर्ने उद्देश्यले यो महासन्धि सन् १९७५ जुलाई १ देखि लागू भएको ।
- नेपालले सन् १९७५ मा नै यस सन्धिमा हस्ताक्षर गरेको ।

१०. नेपालमा केन्द्रीय बैङ्क तथा वाणिज्य बैङ्कहरूको सुधारका लागि सञ्चालन गरिएको कार्यक्रम कुन हो ?
वित्तीय क्षेत्र सुधार कार्यक्रम

११. नेपालमा सबैभन्दा धेरै कर्मचारी कार्यरत रहेको संस्थान कुन हो ?
नेपाल विद्युत् प्राधिकरण

१२. नेपालमा सर्वप्रथम स्थापना भएको उद्योग अर्थात् संस्थान कुन हो ?
विराटनगर जुट मिल (वि.सं. १९९३)

१३. नेपालमा निकासी वृद्धि गर्ने उद्देश्यले द्वयविनिमय दर प्रणाली कहिलेदेखि लागू गरियो ?
वि.सं. २०३४

१४. नेपाली सेनाको कायममुकायम प्रधानसेनापति कसलाई चयन गरियो ?
प्रभुराम शर्मा
- (वि.सं. २०७८ साउन २६ गतेबाट लागू हुने गरी बलाधीकृत रथी शर्मालाई कायममुकायम प्रधानसेनापति चयन गरिएको ।)

१५. म्यानमारमा त्यहाँको सेनाले कहिलेसम्म सङ्कटकाल जारी रहने घोषणा गरेको छ ?
सन् २०२३ अगस्ट
- निर्वाचित सरकारलाई अपदस्थ गरी सैनिक शासन लागू गरेको म्यानमार सेनाले सन् २०२१ अगस्ट १ मा सङ्कटकाल दुई वर्ष थपिएको घोषणा गरेको ।
- सन् २०२१ फेब्रुअरीमा सेनाका प्रमुख जनरल मिन आङ ह्लेयङले आफूलाई प्रधानमन्त्री घोषणा गरेका थिए । सैनिक शासन लागू गरेकै दिन सेना प्रमुख मिन आङले एक वर्षको सङ्कटकाल घोषणा गरेका थिए ।

१६. नेपाली कविताको क्षेत्रमा प्रयोगवादी धाराको सूत्रपात गर्ने कवि को हुन् ?
मोहन कोइराला

१७. झर्रोवादी आन्दोलनको उद्देश्य के थियो ?
विदेशी तथा अन्य भाषाका आगन्तुक शब्दहरूलाई रोकी आफ्नैपनका चोखो नेपाली भाषा बनाउने

१८. मन्त्रिपरिषद्ले देशभरका ७५३ वटै स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गर्ने निर्णय कहिले गरेको हो ?
वि.सं. २०७५ मङ्सिर ३

१९. विश्वमै दुर्लभ एकसिङ्गे गैंडाको संरक्षणका लागि सरकारद्वारा घोषित पाँचवर्षे योजनाको अवधि कुन हो ?
सन् २०१७-२०२१

२०. काठमाडौँलाई आधुनिक नेपालको राजधानीका रूपमा कहिले घोषणा गरिएको हो ?
वि.सं. १८२६ चैत १०

२१. नेपालमा व्यावसायिक शिक्षाको सुरुवात गर्ने राजा को हुन् ?
जयस्थिति मल्ल

२२. प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल सुन्द्रावती सेतीदेवी कुण्ड कहाँ रहेको छ ?
दोलखा
- सुन्द्रावती सेतीदेवी मन्दिर आसपास रहेको पहराको एउटै ढुङ्गामा सातवटा अद्भूत र आकर्षक कुण्ड रहेको ।
- सुन्द्रावती सेतीदेवी कुण्डमा एकादशी, रामनवमी, फागु पूर्णिमाजस्ता पर्वमा ठूलो मेला लाग्ने गरेको ।

२३. 'समरजङ्ग कम्पनी' स्थापना गर्ने राजा को हुन् ?
रणबहादुर शाह
- राणा कालमा यसलाई चप्रासीहरूको कम्पनी भनेर चिनिने ।
- भीमसेन थापाले यो कम्पनीलाई जेल र अन्य सार्वजनिक महत्त्वका कार्यालयहरूको सुरक्षाका लागि खटाएका ।
- चन्द्रशमशेरले यसलाई सडक र राणाहरूको दरबार निर्माण गर्ने काममा लगाएका ।

२४. विश्व व्यापार सङ्गठनमा नेपालको व्यापार नीतिको समीक्षा पहिलोपल्ट कहिले गरियो ?
सन् २०१२
- नेपालको व्यापार नीतिको दोस्रो समीक्षा सन् २०१८ डिसेम्बर ३ देखि ५ मा भएको । यसैगरी नेपालको आगामी व्यापार नीतिको समीक्षा सन् २०२५ मा हुने ।
- डब्लूटीओमा अल्पविकसित सदस्य राष्ट्रहरूको व्यापार नीतिको समीक्षा हरेक छ-छ वर्षमा हुने गरेको ।

२५. दुई फरक गुण भएका जीवबीच प्रजनन गराई ठिमाहा उत्पादन गर्ने प्रक्रियालाई के भनिन्छ ?
हाइब्रिडाइजेसन

२६. 'पार्लियामेन्ट अफ नेपाल' नामक मोबाइल एप कहिलेदेखि सञ्चालनमा आएको हो ?
वि.सं. २०७४ साउन १२
- (यूएनडीपीको सहयोगमा बनाइएको यो एपमार्फत संसदीय गतिविधि अर्थात् संसद्को बैठक प्रत्यक्ष रूपमा हेर्न र सुन्न सकिने ।)

२७. पवित्र तीर्थस्थल एवं पर्यटकीय क्षेत्र देवघाट कुन-कुन नदीको सङ्गमस्थलमा रहेको छ ?
कालीगण्डकी र त्रिशूली
- चितवन, नवलपुर र तनहुँ जिल्लाको सङ्गमस्थलमा अवस्थित यो ठाउँ नारायणगढ बजारदेखि करिब सात कि.मि. उत्तरमा रहेको छ । दामोदर कुण्डबाट बगेर आउने कालीगण्डकी र गोसाइँकुण्डबाट बगेर आउने त्रिशूलीसँगै सेती, मर्स्याङ्दी, दरौँदी, मादीलगायतका नदी पनि मिसिएर यहाँ आइपुग्छन् । यस पवित्र भूमिमा शिव भगवान्का साथै ऋषिमुनिले तपस्या गरेको चर्चा पुराणहरूमा उल्लेख छ । प्राचीन समयमा अयोध्याका राजा रामचन्द्रका गुरु वशिष्ठले यहाँ तपस्या गरेको किंवदन्ती रहेको छ । यहाँ वशिष्ठको मूर्ति पनि छ । रामचन्द्र वनवास बस्दा असली सीताको रूपलाई यहीँ लुकाएर राखिएको थियो भन्ने विश्वास गरिन्छ ।
- यहाँ स्नान गर्नाले ठूलो यज्ञ गरेको, गाईदान गरेको, चारधाम तीर्थ गरेकोभन्दा धेरै पुण्य मिल्ने विश्वास रहेको छ ।
- माघे सङ्क्रान्ति, वैशाख सङ्क्रान्ति, ठूलो एकादशी, बालाचतुर्दशीलगायत पर्वहरूमा यहाँ मेला लाग्ने गर्दछ ।

२८. राष्ट्रिय वनस्पति उद्यान र राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला कहाँ रहेका छन् ?
गोदावरी, ललितपुर
- वि.सं. २०१९ कात्तिक १२ मा शाही वनस्पति उद्यानका रूपमा स्थापित यो उद्यान २०६२/६३ को जनआन्दोलनपश्चात् राष्ट्रिय वनस्पति उद्यानका रूपमा नामाङ्कित भएको ।
- दशकौँ पुराना रुख र वनस्पतिको साझा भण्डारका रूपमा रहेको यो उद्यान वैज्ञानिकका लागि उपयुक्त अनुसन्धान केन्द्र रहेको ।
- यहाँ रहेको राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालामा फूल फुल्ने र नफुल्ने गरी एक लाख ६५ हजारभन्दा बढी वनस्पतिका नमुना राखिएको ।

२९. एक वडा, एक कालोपत्रे सडक योजना ल्याउने स्थानीय तह कुन हो ?
फुङलिङ न.पा., ताप्लेजुङ
- (ताप्लेजुङ जिल्लाको एक मात्र नगरपालिका फुङलिङले आर्थिक वर्ष २०७७/७८ देखि कार्यान्वयनमा ल्याउने गरी उक्त योजना अघि बढाएको ।)

३०. इन्टरपोलको सदस्यता नेपालले कहिले प्राप्त गरेको हो ?
सन् १९६७ सेप्टेम्बर २७ ■

प्रस्तुतकर्ता : टङ्क केसी

विषयगत प्रश्नोत्तर

प्रदेश प्रमुखसम्बन्धी संवैधानिक व्यवस्था

१. नेपालमा रोजगारीको आयमा हाल के कति आयकर लाग्ने व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।
आयकर ऐन, २०५८ अनुसार नेपालमा रोजगारीको आयमा निम्नानुसार आयकर लाग्ने व्यवस्था छ :
- **(क) व्यक्तिको हकमा :**
- चार लाखसम्मको करयोग्य आयमा एक प्रतिशत,
- चार लाखभन्दा बढी पाँच लाखसम्मको करयोग्य आयमा दस प्रतिशत,
- पाँच लाखभन्दा बढी सात लाखसम्मको करयोग्य आयमा बीस प्रतिशत,
- सात लाखभन्दा बढी बीस लाखसम्मको करयोग्य आयमा तीस प्रतिशत,
- २० लाखभन्दा बढी करयोग्य आय भएमा बढी भएजति करयोग्य आयको तीस प्रतिशतबमोजिम लागेको करको दरमा थप बीस प्रतिशत अतिरिक्त कर ।
- **(ख) दम्पतीको हकमा :**
- चार लाख पचास हजारसम्मको करयोग्य आयमा एक प्रतिशत,
- चार लाख पचास हजारभन्दा बढी पाँच लाख पचास हजारसम्मको करयोग्य आयमा दस प्रतिशत,
- पाँच लाख पचास हजारभन्दा बढी सात लाख पचास हजारसम्मको करयोग्य आयमा बीस प्रतिशत,
- सात लाख पचास हजारभन्दा बढी बीस लाखसम्मको करयोग्य आयमा तीस प्रतिशत,
- २० लाखभन्दा बढी करयोग्य आय भएमा बढी भएजति करयोग्य आयको तीस प्रतिशतबमोजिम लागेको करको दरमा थप बीस प्रतिशत अतिरिक्त कर ।
- **पारिश्रमिक कर गणनाको एक उदाहरण :**
- पाँच लाख पचास हजार करयोग्य आय भएको एक प्राकृतिक व्यक्तिको चार लाखसम्मको एक प्रतिशतले रु. चार हजार, चार लाखदेखि पाँच लाखसम्मको रु. एक लाखमा दस प्रतिशतले रु. दस हजार र बाँकी पचास हजारमा बीस प्रतिशतले रु. दस हजार गरी जम्मा उसलाई रु. चौबीस हजार कर लाग्दछ ।
- **छुट प्रावधान :**
- एकलौटी फर्म दर्ता भएका करदाताको हकमा, निवृत्तभरणबापतको आयमा, निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने व्यक्तिको आयमा एक प्रतिशत कर नलाग्ने व्यवस्था छ ।
- नेपाल सरकारले तोकेको दुर्गम क्षेत्रमा कार्यरत व्यक्तिको दुर्गम भत्ताबापत तोकिएबमोजिम बढीमा पचास हजारसम्म करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र करको गणना गरिने व्यवस्था छ ।
- नेपालका विदेशस्थित कूटनीतिक नियोगमा कार्यरत कर्मचारीको वैदेशिक भत्ताको पचहत्तर प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा करको गणना गरिने व्यवस्था छ ।
- अपाङ्गता भएका व्यक्तिका लागि चार लाखको र अपाङ्गता भएका दम्पतीका लागि चार लाख पचास हजारको पचास प्रतिशत थप रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र करको गणना गरिने व्यवस्था छ ।
- व्यक्तिले बीमाबापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा पच्चीस हजार रुपियाँमा जुन घटी हुन्छ, त्यो रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा मात्र करको गणना गरिने व्यवस्था छ ।
- पारिश्रमिक आय मात्र आर्जन गर्ने महिलाले तिर्नुपर्ने कर रकममा दस प्रतिशत छुट हुने व्यवस्था छ ।

२. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ अनुसार मुलुकको प्रशासनिक कार्य सम्पादन गर्दा नेपाल सरकारले के कस्ता नीति अख्तियार गर्ने व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।
प्रशासन संयन्त्रलाई सेवा प्रदायक संयन्त्र तथा सहजकर्ताका रूपमा रूपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिन तर्जुमा गरिएको सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ७ मा संविधान तथा अन्य प्रचलित कानुनमा व्यवस्था भएका नीति एवं समय-समयमा अख्तियार गरिएका नीतिका अतिरिक्त मुलुकको प्रशासनिक कार्य सम्पादन गर्दा नेपाल सरकारले देहायका नीति अख्तियार गर्ने व्यवस्था छ :
- (क) आर्थिक उदारीकरण,
- (ख) गरिबी निवारण,
- (ग) सामाजिक न्याय,
- (घ) प्राकृतिक तथा अन्य सार्वजनिक स्रोतको दिगो तथा कुशल व्यवस्थापन,
- (ङ) महिला सशक्तीकरण तथा लैङ्गिक न्यायको विकास,
- (च) वातावरणीय संरक्षण,
- (छ) जनजाति, दलित, आर्थिक तथा सामाजिक रूपमा पिछडिएका वर्गको उत्थान,
- (ज) दुर्गम क्षेत्रको विकास तथा सन्तुलित क्षेत्रीय विकास,
- यसरी अख्तियार गरेका नीतिलाई कार्यान्वयन गर्न नेपाल सरकारले समय-समयमा आवश्यक कार्यक्रम तथा आयोजना सञ्चालन गर्ने व्यवस्था छ ।

३. वाणिज्य बैङ्क भनेको के हो ? वाणिज्य बैङ्कका उद्देश्यहरू लेख्नुहोस् ।
सर्वसाधारणबाट निक्षेप सङ्कलन गर्ने, भुक्तानी गर्ने, कर्जा प्रदान गर्ने, मौद्रिक नीति कार्यान्वयन गर्नेजस्ता कार्य गरी मुलुकको आर्थिक विकासमा सहयोग गर्ने बैङ्कलाई वाणिज्य बैङ्क भनिन्छ । यसको उद्देश्य मुनाफा आर्जन गर्नु हुन्छ । यो केन्द्रीय बैङ्कबाट अनुमति लिई स्थापना हुन्छ ।
- **वाणिज्य बैङ्कका उद्देश्यहरू**
- निक्षेप स्वीकार गर्नु,
- कर्जा प्रदान गर्नु,
- आर्थिक हितका कार्य गर्नु,
- मुनाफा आर्जन गर्नु,
- मौद्रिक नीति कार्यान्वयन गर्नु,
- आर्थिक विकासमा सहयोग गर्नु,
- आधुनिक बैङ्किङ सेवा उपलब्ध गराउनु ।

४. राजस्वमा स्वयंकर निर्धारण प्रणालीको परिचय दिँदै नेपालमा यससम्बन्धी के कस्तो व्यवस्था छ ? चर्चा गर्नुहोस् ।
करदाताले आफूलाई लाग्ने कर आफैँ निर्धारण गरी आफैँले कर रकम राजस्व दाखिला गर्ने कार्य स्वयंकर निर्धारण प्रणाली हो । यस प्रणालीअन्तर्गत करदाताले आफ्नो कारोबारको आफैँ अभिलेख राख्ने, आफैँ कर निर्धारण गर्ने, आफैँ कर जम्मा गर्ने, आय विवरण एवं कर विवरण कर कार्यालयमा आफैँ दाखिला गर्नेजस्ता कार्य गर्दछन् । नेपालको कर प्रणाली यही मान्यतामा आधारित छ । करदाताको वास्तविक कारोबारको अवस्था करदातालाई मात्र जानकारी हुने हुँदा कर निर्धारणमा उसलाई जिम्मेवार र जवाफदेही बनाउनुपर्दछ भन्ने मान्यता यसले राख्दछ । यसबाट करदाताले स्वतस्फूर्त रूपमा नियमित सरकारलाई कर रकम बुझाउँदछन्, कर प्रशासनको कर सङ्कलन खर्चमा कमी आउँदछ, करदाताबाट कर कानुनको पालना हुन जान्छ, कर चुहावट नियन्त्रणमा सहयोग भई अन्ततोगत्वा राजस्व सङ्कलनमा बढोत्तरी हुन्छ ।
- **स्वयंकर निर्धारण प्रणालीसम्बन्धी नेपालमा व्यवस्था**
- **ऋाय कर र मूल्य अभिवृद्धि करमा व्यवस्था**
- यी दुवै करमा करदाताले आफ्नो कारोबारको आफैँ अभिलेख राख्ने, आफ्नो कर आफैँ निर्धारण गर्ने, आफैँ कर जम्मा गर्ने, आय विवरण एवं कर विवरण कर कार्यालयमा आफैँ दाखिला गर्ने व्यवस्था छ । आयकर ऐन, २०५८ को दफा ९६ अनुसार करदाताले आय वर्ष समाप्त भएको तीन महिनाभित्रमा सो वर्षको आय विवरण पेस गर्नुपर्ने, दफा ९८ अनुसार बढीमा तीन महिनासम्म आय विवरण पेस गर्नुपर्ने म्याद थप भएकोमा सोहीअनुसार आय विवरण पेस गर्नुपर्ने व्यवस्था छ । यस दफाअनुसार करदाताले आय विवरण पेस गरेमा करदाताले नै कर निर्धारण गरेसरह मानिने व्यवस्था सोही ऐनको दफा ९९ मा छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ अनुसार करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी महिना समाप्त भएको २५ दिनभित्र कर विवरण र दफा १९ अनुसार कर अवधि समाप्त भएको २५ दिनभित्र कर रकम दाखिला गर्नुपर्ने व्यवस्था छ ।
- **अन्तःशुल्कमा व्यवस्था**
- यसमा खासगरी दुईवटा व्यवस्था छ । एउटा भौतिक नियन्त्रण प्रणाली र अर्को स्वयं निष्कासन प्रणाली । मदिराजन्य वस्तुमा भौतिक नियन्त्रण प्रणाली लागू छ, जसमा कर प्रशासनको प्रत्यक्ष रेखदेख र नियन्त्रण हुन्छ । कर प्रशासनको अनुमतिबिना कच्चा पदार्थ खरिददेखि तयारी मालवस्तु कारखानाबाट बाहिर निष्कासन गर्न पाइँदैन । मदिराजन्य वस्तुबाहेक अरू सबै वस्तुमा स्वयं निष्कासन प्रणाली लागू छ, जसमा कर प्रशासनको प्रत्यक्ष रेखदेख र नियन्त्रण हुँदैन । कारोबारको आफैँ अभिलेख राखी सोही कारोबारका आधारमा कर निर्धारण गरेर राजस्व दाखिला गर्नुपर्दछ । वस्तु निष्कासन

गर्न कर प्रशासनको अनुमति लिनु पर्दैन, अन्तःशुल्क ऐन, २०५८ र नियमावली, २०५९ अनुसार लाग्ने अन्तःशुल्क र अन्य कर रकम राजस्व दाखिला गरी कारखानाबाट मालवस्तु आफैँले निष्कासन गर्न सकिन्छ । यसमा कर प्रशासनको अप्रत्यक्ष रेखदेख र नियन्त्रण हुन्छ ।
- **भन्सारमा व्यवस्था**
- भन्सारमा स्वयं घोषणाको व्यवस्था छ । भन्सार ऐन, २०६४ को दफा १३ अनुसार पैठारीकर्ताले आफूले पैठारी गरेको मालवस्तुको मूल्य प्रमाणित गर्ने कागजात संलग्न गरी कारोबार मूल्य भन्सार प्रज्ञापनपत्रमार्फत आफैँले घोषणा गर्नुपर्ने व्यवस्था छ । पैठारीकर्ताले घोषणा गरेको कारोबार मूल्य विश्व व्यापार सङ्गठनको भन्सार महसुल तथा व्यापारसम्बन्धी सामान्य सम्झौताबमोजिम भएमा भन्सार अधिकृतले त्यही कारोबार मूल्यलाई मान्यता दिई मालवस्तु जाँचपास गर्नुपर्ने व्यवस्था छ । यहाँ कारोबार मूल्य भन्नाले पैठारीकर्ताले पैठारी गरेको मालवस्तुको बिक्रेतालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वास्तविक रूपमा भुक्तानी गरेको वा भुक्तानी गर्नुपर्ने रकममा त्यस्तो मालवस्तु नेपालको सीमासम्म ल्याउँदा लागेको वा लाग्न सक्ने भाडा, बीमा तथा अन्य सम्बद्ध खर्च जोडी हुन आउने कुल रकम सम्झनुपर्दछ ।

५. नेपालको संविधानमा प्रदेश प्रमुखसम्बन्धी के कस्तो व्यवस्था छ ? चर्चा गर्नुहोस् ।
नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिका र भाग १४ मा प्रदेश व्यवस्थापिकासम्बन्धी व्यवस्था छ । यी व्यवस्थाअनुसार प्रदेश प्रमुख नेपाल सरकारको प्रतिनिधि हुने र निजको नियुक्ति राष्ट्रपतिबाट हुने व्यवस्था छ । सङ्घीय संसद्मा राष्ट्रपतिले निर्वाह गर्ने भूमिकासरह प्रदेशमा प्रदेश प्रमुखको भूमिका हुने व्यवस्था देखिन्छ । नेपालको राष्ट्रपति सङ्घीय संसद् र प्रदेश सभाका सदस्यबाट निर्वाचित हुनुपर्ने व्यवस्था छ भने प्रदेश प्रमुख मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट नियुक्ति हुनु र प्रदेश प्रमुखको पदावधि पाँच वर्षको भए पनि सोअगावै राष्ट्रपतिले निजलाई पदमुक्त गर्न सक्ने व्यवस्थाले सङ्घीय प्रणालीमा केन्द्रको नियन्त्रण प्रदेशमाथि हुने देखिन्छ ।
- **प्रदेश प्रमुखको काम, कर्तव्य र अधिकार**
- प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्ति गर्ने,
- मुख्यमन्त्रीको सिफारिसमा मन्त्रिपरिषद् गठन गर्ने,
- प्रदेशको मुख्यमन्त्री र मन्त्रीहरूलाई शपथ खुवाउने,
- प्रदेश सभाको अधिवेशनको आह्वान र अन्त्य गर्ने,
- प्रदेश सभाको बैठकलाई सम्बोधन गर्ने,
- विधेयक प्रमाणीकरण गर्ने,
- अध्यादेश जारी गर्ने,
- मुख्यमन्त्रीले पदबाट दिएको लिखित राजीनामा स्वीकृत गर्ने,
- सङ्घीय शासन लागू भएको कारणबाट प्रदेश कार्यकारिणी कायम नरहेमा नेपाल सरकारको निर्देशनबमोजिम प्रदेशको कार्यकारिणी अधिकार प्रयोग गर्ने ।
- **प्रदेश प्रमुखको योग्यता :**
- (क) सङ्घीय संसद्को सदस्य हुन योग्य भएको,
- (ख) पैंतीस वर्ष उमेर पूरा भएको,
- (ग) कुनै कानुनले अयोग्य नभएको ।
- **प्रदेश प्रमुखको शपथ :**
- प्रदेश प्रमुखले आफ्नो कार्यभार सम्हाल्नुअघि सङ्घीय कानुनबमोजिम राष्ट्रपतिसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने ।
- **मुख्यमन्त्रीले प्रदेश प्रमुखलाई जानकारी दिने :**
- (क) प्रदेश मन्त्रिपरिषद्का निर्णय,
- (ख) प्रदेश सभामा पेस गरिने विधेयक,
- (ग) उल्लिखित विषयमा प्रदेश प्रमुखले जानकारी मागेको अन्य आवश्यक विवरण,
- (घ) प्रदेशको समसामयिक परिस्थिति ।
- **प्रदेश प्रमुखको पद रिक्त हुने अवस्था :**
- (क) निजले राष्ट्रपतिसमक्ष लिखित राजीनामा दिएमा,
- (ख) निजको पाँच वर्षको पदावधि समाप्त भएमा वा सोअगावै राष्ट्रपतिले निजलाई पदमुक्त गरेमा,
- (ग) निजको मृत्यु भएमा,
- (घ) कुनै प्रदेशको प्रदेश प्रमुखको पद रिक्त भएको अवस्थामा प्रदेश प्रमुखको नियुक्ति नभएसम्मका लागि राष्ट्रपतिले अर्को कुनै प्रदेशको प्रदेश प्रमुखलाई त्यस्तो प्रदेशको समेत कामकाज गर्ने गरी तोक्न सक्ने ।

६. सूचनाको हक भनेको के हो ? सार्वजनिक सूचना प्रवाहमा सार्वजनिक निकायको दायित्व के कस्तो हुने व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।
सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकारलाई सूचनाको हक भनिन्छ । यसले देहायको अधिकारलाई समेत जनाउँदछ :
- सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री तथा सो निकायको कामकारबाहीको अध्ययन वा अवलोकन गर्ने अधिकार,
- सार्वजनिक निकायमा रहेको कुनै लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने अधिकार,
- सार्वजनिक महत्त्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने अधिकार,
- कुनै सामग्रीको प्रमाणित नमुना लिने अधिकार,
- कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने अधिकार ।
- **सार्वजनिक सूचना प्रवाहमा सार्वजनिक निकायको दायित्व**
- प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचना हकको सम्मान र संरक्षण गर्नु गराउनुपर्ने व्यवस्था सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले गरेको छ । यसका लागि देहायका काम गर्नु सार्वजनिक निकायको दायित्व हुने व्यवस्था छ :
- सूचना वर्गीकरण गर्ने, अद्यावधिक गर्ने,
- समय-समयमा सार्वजनिक गर्ने,
- प्रकाशन तथा प्रसारण गर्ने गराउने,
- सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने,
- कामकारबाही खुला र पारदर्शी रूपमा गर्ने,
- सूचना प्रवाह गर्न सूचना अधिकारीको व्यवस्था गर्ने,
- कर्मचारीका लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने ।

७. श्रम ऐन, २०७४ अनुसार रोजगारदाताले श्रमिकलाई के कस्तो प्रकारको रोजगारीमा लगाउन सक्ने व्यवस्था छ ?
श्रमिकको हक, हित तथा सुविधाको व्यवस्था गर्न बनेको श्रम ऐन, २०७४ अनुसार रोजगारदाताले श्रमिकलाई देहायको कुनै प्रकारको रोजगारीमा लगाउन सक्ने व्यवस्था छ :
- **(क) नियमित रोजगारी**
- कार्यगत रोजगारी, समयगत रोजगारी र आकस्मिक रोजगारीबाहेक अन्य जुनसुकै प्रकारको रोजगारी
- **(ख) कार्यगत रोजगारी**
- रोजगारदाताले श्रमिकलाई कुनै खास काम किटान गरी सो सम्पन्न गर्न तोकेर दिएको रोजगारी
- **(ग) समयगत रोजगारी**
- रोजगारदाताले श्रमिकलाई निश्चित समयावधि तोकी सो अवधिभित्र कुनै काम सम्पन्न गर्ने गरी दिएको रोजगारी
- **(घ) आकस्मिक रोजगारी**
- रोजगारदाताले श्रमिकलाई एक महिनाको अवधिमा सात दिन वा सोभन्दा कम अवधिका लागि कुनै काम सम्पन्न गर्ने गरी दिएको रोजगारी
- **(ङ) आंशिक रोजगारी**
- हप्तामा पैंतीस घण्टा वा सोभन्दा कम समयमा काम सम्पन्न गर्ने गरी दिएको रोजगारी । ■

प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा